# क्रिश्चियन जीवनका जगहरु

खासगरी नयाँ विश्वासीहरु जसलाई क्रिश्चियन जीवनको सच्चाईमा जरो गाड्ने खाँचो छ, अनि हरेक किसिमका अगुवाहरु जसलाई अरुलाई ख्रीष्टको बारेमा हिंडन लगाउने कार्यमा शिक्षा दिनमा आवश्यक श्रोतहरुको जरुरी पर्न गएको छ, तिनीहरुका निम्ति यो पुस्तक तयार पारिएको छ ।

**क्रिश्चियन जीवनका जगहरु:** ले आधारभूत सिद्धान्तलाई क्रमबद्ध र व्यवहारिक किसिमले अध्ययन गर्ने एउटा प्रणाली उपलब्ध गराएको छ । यदि यसलाई अध्ययन गरेर जीवनमा प्रयोग गरिएमा परिपक्वतामा वृद्धि हुनमा यसले प्रेरणा प्रदान गर्नेछ ।

## यो पुस्तकका बारेमा अरुहरु के भन्छन ?

डा.बब गोर्डनले लेख्नुभएको "क्रिश्चियन जीवनका जगहरु" नामक पुस्तक चेलापनका जगतमा केही उत्कृष्ट पुस्तकहरुमध्येका एक व्यवहारिक र अध्ययनात्मक पुस्तक भएको मैले ठानेको छु । त्यसकारण हरेक प्रभुमा बढ्न चाहने र बढेका क्रिश्चियन विश्वासीहरुको निम्ति यो पुस्तक सिक्न र सिकाउनमा धेरै फाइदा र उपयुक्त हुने कुरामा म विश्वस्त छु ।

Rev. Dr. Mangal Man Maharjan
*Pastor, Patan Koinonia Church*

यो पुस्तकलाई पहिलो चोटी देख्दा, पढ्दा, अनि सेवकाईको निम्ति मैले प्रयोग गर्दा यो पुस्तक नेपाली भाषामा उपलब्ध भैदिए कति राम्रो हुनेथियो भन्ने विचार मलाई आएको थियो ।
बाइबलका कतिपय शिक्षा र सिद्धान्तहरुलाई यस पुस्तकले परिपाटी मिलाएर राखेको हुनाले साधारण पाठकलाई स्व: अध्ययनको निम्ति अनि शिक्षकहरुलाई पनि अरुहरुलाई सिकाउने कामको निम्ति यो उपयोगी छ । विविध विषयमा बाइबलका पदहरुको यो एक सुव्यवस्थित संकलन हो । पवित्र आत्माको मद्दतद्वारा यो पुस्तकले असंख्य प्रयोक्ताहरुलाई लाभान्वित गर्ने नै छ भनी म निश्चित छु । "Good News Publisher" को यो प्रयत्नमाथि परमेश्वरको ठूलो आशिष रहोस् ।

Loknath Manaen
*Editor, Kanchan*

डा. बब गोर्डन अन्तर्राष्ट्रिय रुपमा सम्मानित एउटा बाइबल शिक्षक तथा प्रचारक हुनुहुन्छ । उहाँ बेलायत स्थित "करिग्मा इन्टरनेशनल क्रिश्चियन मिनिष्ट्रिज" को कामहरुको नेतृत्व गर्नुहुन्छ । मेन्चेष्टर विश्वविद्यालयबाट उपाधि प्राप्त गर्नुभएपछि उहाँ डरहाम विश्वविद्यालयमा Chaplain मा नियुक्त हुनुभयो र पछि लण्डन बाइबल कलेजमा पुरानो नियमको प्राध्यापक हुनुभयो । डा. गोर्डन यो पुस्तक जस्तै अन्य कैयन् महत्वपूर्ण पुस्तकहरुको लेखक हुनुहुन्छ र तिनीहरु विश्वका धेरै भाषाहरुमा अनुवाद भइरहेका छन् तथा विश्वव्यापी रुपमा तिनीहरु वितरण पनि भइरहेका छन् ।



GOOD NEWS PUBLISHER
P.O. Box: 1083, Kathmandu, Nepal